# शिक्षा, कृषि, उद्योग र पूर्वाधार समृद्ध कटहरीको मूल आधार

सभाध्यक्ष ज्यू,अधितिज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाअध्यक्ष ज्यूहरू, कार्यपालिका सदस्य ज्यूहरू , गाउँसभा सदस्य ज्यूहरू , गाउँकार्यपालिकाको कार्यालयका विषयगत शाखा प्रमुख ज्यूहरू, उपस्थित सम्पुर्ण कर्मचारी, पत्रकार, सुरक्षाकर्मीहरू लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभाव ज्यूहरू,

संविधान प्रदत्त हक अधिकार सहित गठित यस कटहरी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय सभा समक्ष आर्थिक वर्ष 2082/ 083 को वार्षिक योजना, कार्यक्रम तथा बजेट पेश गर्न उपस्थित भएको छु। यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरूको स्वतन्त्रता तथा अमनचैन प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु । राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरूप्रति आदरभाव प्रकट गर्दछु ।

सभा अध्यक्ष महोदय,

अब म आगामी आ.व. 2082/ 083 को वार्षिक योजना, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**क) आर्थिक विकास तर्फ**

कृषिलाई कटहरीको आकर्षण, कृषिमा आधारित पर्यटन भन्ने दिर्घकालिन सोचलाई सार्थक बनाउन कृषि व्यवसायलाई आधुनिकीकरण तथा यान्त्रिकरण सहित

उत्पादकत्व वृद्धि तथाआय स्रोतको मूख्य आधार बनाउन आगामी आर्थिक वर्षमा आर्थिक क्षेत्रको विकास एवं उन्नतिका लागि जम्मा रु.    २ करोड  २८ लाख ६० हजार रकम विनियोजन गरेको छु ।

**ख. सामाजिक विकास क्षेत्र**

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, खेलकुद तथा मनोरञ्जन, सँस्कृति प्रवर्द्धन लगायत लैङ्गिक समानता सामाजिक समावेशीकरण क्षेत्रमा उल्लेखनीय नतिजा हासिल गर्दै सामाजिक विकास क्षेत्रको विकास एवं उन्नतिका लागि जम्मा    ६ करोड ४९ लाख ४५ हजार ५ सय रुपैया विनियोजन गरेको छु ।

**ग. पूर्वाधार विकास क्षेत्र**

भौतिक पूर्वाधार क्षेत्रको विकास एवं उन्नतिका लागि जम्मा    १७ करोड  ७३ लाख ५ हजार रुपैया विनियोजन गरेको छु ।

**घ. वातावरण तथा विपद व्यवस्थापन क्षेत्र**

वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको व्यवस्थापनका लागि जम्मा  ३ करोड २८ लाख रुपैयाविनियोजन गरेको छु ।

**ङ. संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन क्षेत्र**

सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सुचना प्रविधि, पञ्जीकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन  , सुशासन प्रबर्द्धन , न्यायिक समिति , अव्यवस्थित बसोबास तथा भूमि व्यवस्थापन र अनुसन्धान तथा विकास क्षेत्रमा सुशासन प्रवर्द्धन गर्न संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन क्षेत्रको व्यवस्थापनका लागि जम्मा २ करोड ७२ लाख रुपैया विनियोजन गरेको छु ।

सभा अध्यक्ष महोदय,

अब म समग्र आय व्ययको अवस्था प्रस्तुत गर्दछु ।

**क) आय तर्फः-**

१. आन्तरिक आय रु. ९ करोड 80 लाख7८ हजार ४ सय ८५ रुपैया

२. अन्तर सरकारी वित्तिय हस्तान्तरण रु ३५ करोड ८५ लाख ६ हजार

३. राजश्व बाँडफाँडवाट १३ करोड 25 लाख 60 हजार १५ रुपैया

**कुल जम्मा आयः-५८ करोड 91 लाख ४४ हजार ५ सय रुपैया ।**

**ख) व्यय तर्फः-**

१. प्रशासनिक तथा संचालन खर्च रु.१६ करोड ५८ लाख ८० हजार

२. कार्यक्रम तथा योजना खर्च (चालु र पूँजीगत) रु. ४२ करोड 32 लाख ६४ हजार ५०० रुपैया

**कुल व्ययः- ५८ करोड 91 लाख ४४ हजार ५ सय रुपैया ।**

सभा अध्यक्ष महोदय,

कटहरीबासीहरूको आकाक्षां र आवश्यकताहरू असिमित छन ती आवश्यकताहरूलाई परिपूर्ति गर्नका लागि चाहिने स्रोत र साधनहरू सिमित छन । सिमित स्रोत र साधनको परिचालनबाट समग्र कटहरीबासीहरूको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा चूनौतिपूर्ण रहेको छ । त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकतापूर्वक परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र बाध्यता रहेको छ । यस तर्फ सम्पुर्ण सदस्य ज्यूहरूको सहयोग र सहकार्यको पूर्ण सहयोगको आशा लिएको छु ।

अन्त्यमा, बजेट निर्माण कार्यमा अहोरात्र खटिनुहुने श्रद्धेय अध्यक्ष ज्यू , सम्पुर्ण वडा अध्यक्ष ज्यूहरू, कार्यपालिका सदस्य ज्यूहरू, वडा सदस्य ज्यूहरू, बजेट तथा कार्यक्रमतर्जुमाका लागि निर्मित विभिन्न विषयगत समितिका सदस्य ज्यूहरू, प्रमुख

प्रशासकीय अधिकृत ज्यू, विषयगत शाखाका प्रमुख ज्यूहरू एवं सम्पुर्ण राष्ट्रसेवक कर्मचारी ज्युहरू लगायत बजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने बुद्धिजिवी, समाजसेवी तथा सम्पूर्ण कटहरीवासी जनतामा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**

मिति : २०८२ असार ०५ गते विहिवार


**प्रस्तुतकर्ता**

**सितादेवी राजवंशी**

**उपाध्यक्ष**